# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट
## चेला बनाओ!
### बाइबल शिक्षाक्रम

# पाठ १३
## अरूलाई हामीले कसरी ख्रीष्टका चेला बनाउनुपर्छ?

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''अनि तिनीहरूकहाँ आएर येशूले तिनीहरूलाई यसो भन्नुभयो: 'स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ; यसकारण जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिस्मा देओ, मैले तिमीहरूलाई जे-जे आज्ञा गरें, ती सबै तिनीहरूलाई पालन गर्न सिकाओ; अनि हेर, म सधैंभरि, अँ, संसारको अन्तसम्म तिमीहरूको साथमा हुन्छु।' आमेन।''** **मत्ती २८:१८-२०**

प्रिय मित्र, हामी यस पाठ्यक्रमको अन्तिम पाठमा आइपुगेका छौं। यहाँसम्म तपाईंले हामीसँगै मिलेर प्रभुको मार्गका कति कुराहरू सिक्न पाउनुभएको छ। यी कुराहरू सिकेर र पालन गरेर तपाईं प्रभु येशूमाथिको विश्वासमा र उहाँको चिन्ने ज्ञानमा बढ्नुभएको हो भनी हामीले पूर्ण आशा राखेका छौं। अब परमेश्वरको इच्छाको बारेमा तपाईं अनजान हुनुहुन्न। तर यी सबै कुराहरू जान्नुमा हामीलाई धेरै लाभ छैन। जब हामीले प्रभुको इच्छा पालन गर्छौं, तब मात्र हामी परमेश्वरको आशिषको अनुभव गर्न सक्छौं।

आज हामीले अझ एउटा कुरा बुझ्नु खाँचो छ: जब हामी आफै प्रभुको मार्गमा हिँड्छौं, तब हाम्रो जिम्मेवारी पूरा भएको छैन। पाठ १२मा हामीले कसरी अरूलाई मुक्तिको सुसमाचार सुनाएर हराएका आत्माहरूलाई प्रभु येशूकहाँ ल्याउनुपर्छ भन्ने कुरा सिक्यौं। तर प्रभुको महान् आज्ञा यसमा सीमित छैन। प्रभुको आज्ञाअनुसार हामीले अरूलाई ख्रीष्टका चेलाहरू बनाउनुपर्छ। नयाँ विश्वासीहरू हामीजस्तै प्रभुको आज्ञाकारी चेला होऊन् र उनीहरूद्वारा परमेश्वरको महिमा होस् भन्ने चाहना राखेर हामीले आफ्नो गवाहीद्वारा प्रभुमा आएकाहरूको वास्ता गर्न सिक्नुपर्छ। उनीहरूले विश्वासमा पक्का नभएसम्म हामीले परमेश्वरको वचन पवित्र बाइबलबाट उनीहरूलाई प्रभुको उत्तम शिक्षा दिनुपर्छ। उनीहरूले प्रभुको नाममा बप्तिस्मा नलिएसम्म यसको महत्त्व हामीले उनीहरूलाई बुझाउनुपर्छ। आत्मिक जीवनमा हाम्रै उदाहरण हेरेर प्रभुको मार्गमा कसरी हिँड्नुपर्छ, सो उनीहरूले हामीबाट सिक्नुपर्छ।

यस कुरामा पावल प्रेरित हाम्रो असल नमुना हुन्; किनकि चेला बनाउने काममा उनी एकदम सफल भए। जबसम्म ख्रीष्टका गुणहरू अर्थात् चरित्र उनले विश्वासीहरूको जीवनमा देखेनन्, तबसम्म प्रभुले उनलाई दिनुभएको क्षमताअनुसार उनले तिनीहरूको आत्मिक उन्नतिको लागि परिश्रम गरे। किनभने उनले आफ्नो जिम्मेवारी बुझेका थिए। उनले यसो भन्न सक्थे:

**'जसरी म ख्रीष्टको देखासिकी गर्दछु, त्यसरी नै तिमीहरू पनि मेरो देखासिकी गर्ने होओ।'**
**१ कोरिन्थी ११:१**

## क – पहिले हामी आफै प्रभु येशूको सच्चा चेला हुनुपर्छ

**''यसकारण जसले सबैभन्दा साना यी आज्ञाहरूमध्ये एउटालाई भङ्ग गरेर मानिसहरूलाई त्यस्तै सिकाउला, त्योचाहिँ स्वर्गको राज्यमा सबभन्दा सानो कहलाइनेछ; तर जसले यी आज्ञाहरू पालन गरेर सिकाउला, उही नै स्वर्गको राज्यमा महान् कहलाइनेछ।'' मत्ती ५:१९**

चेला बनाउने सम्बन्धमा पहिले याद राख्नुपर्ने कुरा यो हो: हामी सबै अरू मानिसहरूको निम्ति एक उदाहरण हुन्छौं। यदि हामी प्रभु येशूमाथि साँचो गरी विश्वास राख्दै उहाँलाई स्वामीको रूपमा अपनाएका छौं र उहाँको पछि लाग्ने सच्चा चेला हौं भने हामी अरूको लागि एक असल उदाहरण बन्छौं। तर यदि हामी स्वार्थी भावना लिई कपटीपूर्वक प्रभुको नाम लिन्छौं भने हामी एक खराब उदाहरण हुन्छौं। यसकारण अरूलाई सिकाउन चाहने मानिसले पहिले आफ्नो जीवन ठीक राख्नुपर्छ। अरूलाई ख्रीष्टका चेला बनाउन चाहने पहिले आफै एक सच्चा प्रभुको चेला हुनुपर्छ। हामी आफैले प्रभु येशूलाई साँचो गरी ग्रहण गरेका छैनौं भने प्रभु येशूमाथि विश्वास गर्न चाहनेहरूलाई हामीले के भन्छौं? हामी आफैले प्रभुको नाममा बप्तिस्मा लिएका छैनौं भने हामी अरूलाई कसरी बप्तिस्मा लिनको निम्ति आग्रह गर्न सक्छौं? हामी आफै कुनै स्थानीय मण्डलीको सदस्य भएका छैनौं, तब हामीले अरूलाई मण्डलीको सम्बन्धमा के सिकाऔं? त्यस्तै गरी प्रार्थना गर्ने, बाइबल अध्ययन गर्ने, बिश्वासमा बढ्ने र आत्माले भरपुर हुने जीवनको सम्बन्धमा हामीले के सिकाऔं? 'जस्तो गुरु, त्यस्तै चेला' भन्ने भनाइ यहाँ पनि सत्य हुन्छ। पहिले हामी प्रभुको आज्ञाकारी चेला हुनुपर्छ; तब मात्र हाम्रो जीवन हेरेर अरू कोही ख्रीष्टको असल चेला बन्नेछ।

### अ) फिलिप्पी ३:१८-१९ – खराब उदाहरण

'मलाई नहेर्नू, ख्रीष्टलाई मात्र हेर्नू' भन्ने भनाइ म सधैं ख्रीष्टयानहरूको बीचमा सुन्दछु। यसर्थ उनीहरूले आफ्नो जीवन ठीक छैन, असल उदाहरण होइन भनी भन्न खोज्छन् होला। हुन त कसैको जीवन सिद्ध छैन; यो कुरा सत्य हो; यो म पनि मान्दछु। तरै पनि परमेश्वरको इच्छाअनुसार हामी अरू मानिसहरूको लागि नुन र ज्योति बनी जिउनुपर्छ (मत्ती ५:१३-१६)। नुनको स्वाद छैन भने त्यसको के काम? हाम्रो जीवनमा ख्रीष्टको चरित्र देखा पर्दैन, किन? ज्योति लुक्न सक्दैन, तर सबैले ज्योतिबाट उज्यालो पाउनुपर्छ। तब तिमीहरूको ज्योति मानिसहरूको सामु चम्कोस् भन्ने प्रभु येशूको आज्ञा के हो त? जब पावल प्रेरितले ख्रीष्टको नाम लिनेहरूलाई ठीक किसिमले नहिँड्ेका देखे, तब उनको मन अति दु:खित भयो। उनको समयमा प्रभुका जनहरूमध्ये धेरैजना बेठीक प्रकारले अर्थात् स्वार्थी भावना लिई चलेका थिए। तिनीहरूलाई पावलले क्रूसका शत्रु भनेका छन्। किनभने प्रभुले क्रूसमा हाम्रा निम्ति तयार गर्नुभएको अमूल्य मुक्ति तिनीहरूले विश्वाससाथ ग्रहण गरेनन्, न ता आफ्ना घिनलाग्दा पापहरूदेखि साँचो गरी पश्चात्ताप गरे। कुनै सांसारिक फाइदा पाउनको निम्ति मात्र तिनीहरू ख्रीष्टयान भए। आत्मिक कुरामा तिनीहरूको कुनै चासो थिएन। आज पनि यस्तै किसिमका ख्रीष्टयानहरू प्रशस्त पाइन्छन्। यसैमा हामी पनि अति दु:खित छौं। प्रभु येशूले फरिसीहरूलाई हप्काउँदै यसो भन्नुभयो: 'हे कपटीहरूहो, तिमीहरूलाई धिक्कार, किनभने एकजनालाई आफ्नो मतमा हुल्नको निम्ति तिमीहरू समुद्र र जमिन चहार्छौ, अनि त्यो आफ्नो मतमा आएपछि तिमीहरू त्यसलाई आफूभन्दा दोबर नरकको बच्चा बनाउँछौ।' (मत्ती २३:१५) हाम्रो विषयमा प्रभुले कहिल्यै यसो भन्नु नपरोस्। प्रभु येशूकहाँ आउनेहरूलाई हामी कुनै बाधा नदियौं। तर हामी एक असल चरित्र देखाएर परमेश्वरको महिमा गरौं। हाम्रो खातिर र हामीद्वारा प्रभु येशूलाई अपनाउनेहरूले गर्दा सत्यको मार्ग अर्थात् प्रभु येशूको नामको निन्दा कहिल्यै

नहोस्। २ पत्रुस २:२ र ३ पदमा जे लेखिएको छ, त्योचाहिँ हाम्रो निम्ति सधैं चेताउनीको वचन रहोस्। हामी आफै प्रभुका सच्चा चेलाहरू होऔं, र अरूलाई पनि हामीजस्तै ख्रीष्टका सच्चा चेला बनाउने प्रयास गरौं।

**आ) फिलिप्पी ३:१७ – असल उदाहरण**

पावल प्रेरितको जीवन एक असल अदाहरण थियो। यसैले उनले भन्न सक्थे: 'मेरो देखासिकी गर्नेहरू होऔ! हामी तिमीहरूको नमुना हौं।' पावलजस्तै अरू कोही असल विश्वासीहरू थिए। यसकारण उनले फेरि भने: 'हामीजस्तै हिँड्नेहरूलाई ध्यानसित हेर।' यसैबाट हामी के बुझ्छौं भने हाम्रो जीवन एक असल उदाहरण हुनुपर्छ। हाम्रो जीवन हेरेर अरू मानिसहरूले ख्रीष्टको चरित्र देख्नुपर्छ। यो परमेश्वरको इच्छा हो। पावल प्रेरितले यो कुरा दोहोर्‍याउँदै फेरि भने: 'जुन कुराहरू तिमीहरूले सिक्यौ, ग्रहण गर्‍यौ, सुन्यौ र ममा देख्यौ, ती कुराहरू गर; र शान्तिको परमेश्वर तिमीहरूको साथमा रहनुहुनेछ।' (फिलिप्पी ४:९) थेस्सलोनिकीमा बस्ने विश्वासीहरूले पावल र उनीसित भएकाहरूका, साथै प्रभुका देखासिकी गरेर आफ्नो क्षेत्रका सबै विश्वासीहरूको निम्ति एक असल नमुना बने (१ थेस्सलोनिकी १:६–७)। प्रेरित पावल सिद्ध मानिस थिएनन्; तर उनको जीवनबाट अरूले एक असल नमुना पाए। किनभने उनी आफै जीवनभरि नै प्रभु येशूको पछि लाग्ने चेला भइरहे (फिलिप्पी ३:१२–१४)।

## ख – प्रेरित पावल – चेला बनाउने हाम्रो नमुना

**''हे मेरा साना नानीहरूहो, जबसम्म तिमीहरूमा ख्रीष्ट बनिनुहुन्न, तबसम्म म फेरि तिमीहरूको निम्ति प्रसुति-वेदनामा हुन्छु।''** **गलाती ४:१९**

प्रेरित पावलले उनको गवाहीद्वारा प्रभुलाई पाउनेहरूको निम्ति फिक्री गरे। उनले तिनीहरूलाई त्यसै छोड़ेनन्, तर तिनीहरूलाई आफ्ना आत्मिक नानीहरूलाई सम्झेर उनले तिनीहरूको आत्मिक उन्नति गर्न खोजे। जबसम्म उनले तिनीहरूमा ख्रीष्टका गुणहरू देखेनन्, तबसम्म उनले तिनीहरूको आत्मिक वृद्धिको लागि परिश्रम गरे। शिक्षा दिएर हो कि चेताउनी दिएर हो, प्रेम गरेर हो कि सान्त्वना दिएर हो, जसरी भए पनि पावलले ती नयाँ विश्वासीहरूलाई प्रभुमा बलियो र स्थिर पार्न चाहे (कलस्सी १:२८)।

**अ) १ थेस्सलोनिकी २:७–८** – कुन प्रकारले पावल प्रेरितले विश्वासीहरूको वास्ता गरे? वचनले के भन्दछ? सुसार गर्ने आमाले आफ्ना नानीहरूलाई सह्यार–सम्भार गरेजस्तो पावलले उनीहरूलाई प्रेम गरे। विश्वासीहरूप्रति उनको मनमा ठूलो माया थियो। उनीहरूलाई खूबै चाह गरेर उनले खालि वचन प्रचार गरेनन्, तर उनीहरूसित नजिकको सँगति राखेर आफ्नो जीवनसमेत बाँड़े। 'तिमीहरू हाम्रो निम्ति प्यारा भएका थियौ' भनेर उनले उनीहरूको निम्ति गरेको परिश्रम र भोगेको कष्टको कारण बताए। यसबाट हामी के सिक्छौं भने यदि हामी कसैको आत्मिक उन्नति गर्न चाहन्छौं भने हामीले उसलाई साँचो हृदयले प्रेम गर्नुपर्दछ। प्रेमको भावनामा हामी एक–अर्काको सेवा र आत्मिक उन्नति गरौं।

**आ) १ थेस्सलोनिकी २:१०–१२** – पावलले सबै विश्वासीहरूलाई आफ्नो जीवनको असल नमुना दिएका थिए। उनले एक पवित्र, धर्मी जीवन बिताउँथे। कसैले उनलाई कुनै दोष लगाउन सक्दैनथ्यो। तर यति मात्र थिएन। बुवाले आफ्ना छोराछोरीहरूसित जस्तो व्यवहार गर्छ, ठीक त्यस्तै पावलले हरेक विश्वासीलाई अर्ती दिए, सान्त्वना दिए र चेताउने आज्ञा दिए। परमेश्वरको योग्य चाल नचलेसम्म उनी सन्तोष रहेनन्। जसले हामीलाई ज्यादा माया गर्छ, उसैबाट हामी कुनै अर्ती वा चेताउनी ग्रहण गर्न तयार छौं। छोरालाई माया गर्ने बुवाले उसलाई बेला–बेलामा तह लगाउनु

र अनुशासनमा राख्नुपर्छ। यो कुरा सांसारिक दृष्टिले मात्र होइन, तर आत्मिक दृष्टिले पनि सत्य हो। यसकारण जतिजना तपाईंको गवाहीद्वारा प्रभुलाई पाए, उनीहरूको निम्ति तपाईं एक आत्मिक बुवाजस्तै हुनुहुन्छ। यदि तपाईं उनीहरूको वास्ता गर्नुहुन्न भने तब कसले गर्ला? तपाईंबाट नै उनीहरूले ख्रीष्टका पहिलामा टेक्न सिक्नुपर्छ (१ कोरिन्थी ४:१५-१६)।

## ग - नयाँ विश्वासीहरूप्रति हाम्रो जिम्मेवारी

**''तब पावल को हो र? अनि अपोल्लोस को हो र? केवल सेवकहरू हुन्, जसद्वारा तिमीहरूले विश्वास गर्‍यौ, जसरी प्रभुले हरेकलाई दिनुभएको छ। मैले रोपें, अपोल्लोसले पानी लगाए, तर परमेश्वरले वृद्धि दिनुभयो। यसकारण न ता रोप्ने केही हो, न ता पानी लगाउने केही हो, तर परमेश्वर हुनुहुन्छ, जसले वृद्धि दिनुहुन्छ। अब रोप्ने र पानी लगाउने एकै हुन्; अनि हरेक मानिसले आफ्नो मेहनतअनुसार आफ्नो इनाम पाउनेछ। किनकि हामी परमेश्वरका सहकर्मी हौं; तिमीहरू परमेश्वरको खेत हौ; ...''** **१ कोन्थिी ३:५-९**

### अ) मर्कूस ४:२६-२९ - नयाँ विश्वासीहरू पाकेका अन्नजस्तै छन्

यस खण्डमा प्रभु येशूले एउटा दृष्टान्त बताउनुभयो, जसबाट हामीलाई परमेश्वरको राज्यको बारेमा विशेष आत्मिक ज्ञान मिल्छ। कुनै एउटा मानिसले जमिनमा बीउ छर्छ। त्यो छरेको बीउ त्यस मानिसको सहायताबिना उम्रन्छ र बढ्छ। परमेश्वरको वचनले के भन्दछ? बीउ कसरी बढ्यो, त्यसले जान्दैन। बीउ आफै-आफ बढ्छ र फल फलाउँछ। प्रभु येशूको सुसमाचारको वचन असल बीउजस्तै हो। त्यो बीउ सुसमाचारको माध्यमद्वारा मानिसहरूको हृदयमा छरिन्छ। त्यो बीउ कसरी उम्रन्छ र कसैको मनभित्र प्रभु येशूप्रति विश्वास पैदा गर्छ, त्यो कुरा एउटा रहस्य हो। यो अचम्मको काम परमेश्वर आफैले गर्नुहुन्छ। यस काममा हाम्रो हिस्सा छैन। तर बीउ उम्रेपछि पहिले पात, पछि बाला अनि बालाभित्र पूरा अन्न देखा पर्छ। फल पाक्छ र कटनी आउँछ। तब हँसिया लगाउने, फसल काट्ने काम हुन्छ। बीउ छर्ने मानिसले त्यस दिनको बाटो हेर्दछ। बीउ छर्ने किसानले अन्न कहिले पाक्छ, यसमा ध्यान दिन्छ। बारीमा लगाएको बीउको स्थिति त्यसले राम्ररी जान्दछ। मूर्ख मानिसले मात्र नपाकेको फल काट्छ। यस दृष्टान्तबाट हामी के सिक्छौं भने जब हामी अरू मानिसहरूलाई मुक्तिको सुसमाचार सुनाउँछौं, तब हामीले परमेश्वरको वचनलाई पूरा काम गर्न दिनुपर्छ। यदि हामी कुनै मानिससित हतार गरेर उसलाई नपाकेको फलजस्तै बेला नभई अर्थात् उसको हृदयमा पापदेखि पश्चात्ताप र प्रभु येशूमाथि विश्वास पैदा नभएको बेलामा बप्तिस्मा लिन कर लगाउँछौं, तब हामी ठूलो भूल गर्छौं। बीउ उम्रेपछि पात, बाला र अन्न देखा परेझैं हामी वचन सुन्ने मानिसको जीवनमा केही परिवर्तन देख्नुपर्छ। के पापप्रति उसको विचार बदलियो? के उसले पापलाई घृणा गर्न थालेको छ? के प्रभु येशूको नामप्रति उसको माया छ? के उसले पाएको मुक्तिमा ऊ रमाउँदछ? के उसलाई परमेश्वरको वचन सुन्ने तिर्सना छ? यस्ता आत्मिक चिन्हहरू हामीले वचन सुन्नेहरूको जीवनमा खोज्नुपर्छ। तब उनीहरूलाई बप्तिस्मा दिएर पाकेको फसलजस्तै मण्डलीभित्र ल्याउन मिल्छ।

### आ) १ कोन्थिी ३:५-९ - नयाँ विश्वासीहरू रोपिएका विरुवाहरूजस्तै छन्

पावल प्रेरितले भन्दछन्: 'तिमीहरू परमेश्वरको खेत हौ। हामी परमेश्वरको सहकर्मी हौं। मैले रोपें, अपोल्लोसले पानी लगाए; तर परमेश्वरले बढ़ाइदिनुभयो।' जब तपाईंको मेहनत र सेवाद्वारा नयाँ आत्माहरू प्रभु येशूमाथि विश्वास राखेर मुक्ति पाउँछन् र बप्तिस्मा लिएर मण्डलीमा गाभिन्छन्, तब ठूलो रमाहट हुन्छ। यस्ता मानिसहरूलाई हामीले भर्खर रोपिएका विरुवाजस्तै ध्यानसित हेर्नुपर्छ। उनीहरूलाई

पानी लगाउने मानिस चाहिएको छ, नत्र ता उनीहरू ओइलिन्छन्। भर्खर रोपिएको विरुवालाई पानीको खाँचो परेजस्तो नयाँ विश्वासीहरूलाई शिक्षा र सँगतिको खाँचो पर्छ। उनीहरूले त्यो पाउँदैनन् भने तुरुन्तै उनीहरू बढ्न र उन्नति गर्न छोड्छन्। पछि उनीहरू विश्वासबाट हट्छन् भन्ने डर पनि हुन्छ। यसैले के तपाईंले नयाँ आत्माहरूप्रति परमेश्वरबाट पाउनुभएको जिम्मेवारी बुझ्नुभएको छ? वृद्धि दिनु अर्थात् बढ़ाउनु परमेश्वरको काम हो। ठीक छ; तर रोप्नलाई र पानी लगाउनलाई उहाँले तपाईं र मलाई सहकर्मीको रूपमा चलाउन चाहनुहुन्छ।

**इ) एफेसी ४:१४-१५ - नयाँ विश्वासीहरू भर्खर जन्मेका बालकहरूजस्तै छन्**

जब कुनै बालक जन्मन्छ, तब बढ्नको निम्ति उसलाई दूध चाहिन्छ। आत्मिक जीवनमा यो कुरा पनि सत्य हुन्छ (१ पत्रुस २:२)। तर त्यतिमा उसलाई काफी छैन। यदि बालक राम्रोसँग हुर्किएर पूरा बढ़ेको, बलियो मानिस हुने हो भने उसलाई स्याहार गर्ने आमा र तह लगाउने बुवा एकदम खाँचो छ। नानीहरूलाई भोजन मात्र दिनु कहिल्यै पुग्दैन, तर उनीहरूलाई भोजनको साथमा बढ्ता माया गर्नुपर्छ; यो कुरा हरेक बुवाआमाले बुझेका छन्। प्रेमले वास्ता गर्छ, तह लगाउने काम पनि गर्छ। प्रेमले सान्त्वना, साथै चेताउनी पनि दिन्छ। प्रेमले खराबीबाट रक्षा गर्छ। प्रेमले सत्य बोल्छ। प्रेमले असल उदाहरण दिन्छ र ठीक बाटो देखाउँछ। प्रेमले साथ दिन्छ। प्रेमको काम ठूलो! (१ कोरिन्थी १३:४-८ पढ्नुहोला।) तब नयाँ विश्वासीहरूलाई हामीले भर्खर जन्मेका बालकहरूजस्तै हेर्नुपर्छ, र उनीहरूलाई आत्मिक भोजनको साथसाथै माया र वास्ता देखाउनुपर्छ। उनीहरूको निम्ति प्रभुको मण्डली एक नयाँ परिवार हो। त्यस परिवारभित्र कसले नयाँ विश्वासीहरूलाई आत्मिक जीवनमा प्यारसाथ अगुवाइ गर्छ? कसले उनीहरूलाई दुष्ट मानिसहरूको छल र झूटो शिक्षाबाट जोगाउँदछ? उनीहरू विश्वासमा बलियो नभएसम्म कसले उनीहरूको आत्माको हेरचाह गर्छ?

**ई) प्रेरित २०:२८-३२ - नयाँ विश्वासीहरू भेड़ाका पाठाहरूजस्तै छन्**

गोठालाबिना सबै भेड़ाहरू तितरबितर हुन्छन् भने नयाँ विश्वासीहरू त्यसै छोडिएका छन् भने उनीहरूको हालत के हुने हो? यसैकारण परमेश्वरले आफ्नो मण्डलीमा कतिलाई गोठालाको रूपमा नियुक्त गर्नुभएको छ। उनीहरूले मण्डलीका विश्वासीहरूलाई भेड़ाको बगाललाई झैं होशियारसाथ हेरचाह गर्नुपर्छ। उनीहरूले विश्वासीहरूलाई पवित्र बाइबलको असल शिक्षा दिई चराउनुपर्छ। उनीहरूले विश्वासीहरूलाई बाहिरबाट आउने ब्वाँसा अर्थात् झूटा शिक्षकहरूदेखि बचाउनुपर्छ। मण्डलीभित्रबाट गड़बड़ी आउन खोज्दा उनीहरूले फूट ल्याउने र टेढ़ा कुरा सिकाउनेहरूलाई अनुशासनमा राख्नुपर्छ। यसरी मण्डलीका अगुवाहरूले आफ्नो जिम्मामा छोड़िराखिएका विश्वासीहरूलाई जोगाउँछन् र प्रभुको बाटोमा हिँड़ाउँछन्। तर यस कामको निम्ति को योग्य छ र? यस कामको निम्ति प्रभु येशूले विश्वास-योग्य मानिसहरूलाई छान्नुहुन्छ। मण्डलीमा गोठालाको जिम्मापूर्ण काम गर्नेहरूको जीवन कस्तो हुनुपर्छ, सो १ तिमोथी ३ अध्यायमा दिइएको छ। काम गाह्रो र जिम्मा ठूलो भएकोले हामी यसलाई लिने आँट नगरौं? होइन, तर हामी सानो कुरामा विश्वासयोग्य हुने कोशिश गरौं, तब एकदिन प्रभुले हामीलाई ठूलो जिम्मेवारी दिन सक्नुहुनेछ। सम्पूर्ण मण्डलीको जिम्मा नभए तापनि हामी एक-दुईजनाको आत्मिक जिम्मा भोग्ने प्रयास गरौं। अरूका निम्ति होइन भने कम्तीमा हामीबाट प्रभुलाई पाउनेहरूको निम्ति हामी आत्मिक गोठाला बनौं। यसो गर्नको निम्ति हामी तपाईंलाई बाटो देखाउँछौं। के यसको तरिका सिक्न तपाईं तयार हुनुहुन्छ?

## घ – तिमोथी – एक विश्वासयोग्य चेला

**''अनि धेरै साक्षीहरूको बीचमा जुन कुराहरू तिमीले मबाट सुनेका छौ, ती कुराहरू विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ, जो अरूलाई पनि सिकाउनुमा योग्यका हुनेछन्।''     २ तिमोथी २:२**

अरू मानिसहरूलाई सिकाउने वा चेला बनाउने काममा योग्य हुनु खाँचो छ – २ तिमोथी २:२ बाट हामी यो कुरा स्पष्ट देख्दछौं। यस कामको निम्ति विश्वासयोग्य मानिसहरू चाहिएका छन्। उनीहरूलाई परमेश्वरको कामको ठूलो जिम्मेवारी सुम्पन सकिन्छ। उनीहरू आफै प्रभुको शिक्षाअनुसार चल्दछन्; यसैले प्रभुबाट सिकेका कुराहरू उनीहरूले अरूलाई सिकाउन सक्छन्। तपाईं पनि यी विश्वासयोग्य मानिसहरूजस्तै हुनुहोस्। प्रभुबाट सधैं सिक्नुहोस्, र सिकिसकेका कुराहरू अरूलाई सिकाउनुहोस्।

**अ) १ कोरिन्थी ४:१-२ – सबै कुराहरूमा विश्वासयोग्य हुने प्रयत्न गर्नुहोस्**

तपाईं प्रभु येशूको सेवक हुनुहुन्छ भन्ने कुरा कहिल्यै नबिर्सनुहोला। किनभने हामी मानिसहरूलाई खुशी पार्ने काम गर्दै गर्दैनौं (गलाती १:१०)। हर कुरामा हामी परमेश्वरलाई खुशी पार्ने कोशिश गरौं। जुन सेवा उहाँले तपाईंलाई जिम्मा दिई सम्पिनुभएको छ, त्यसलाई पूरा गर्नको निम्ति परिश्रम गर्नुहोस्।

**आ) २ तिमोथी २:१५ – सत्यको वचन ठीकसँग खुङ्ग्याउने प्रयत्न गर्नुहोस्**

हामी परमेश्वरको वचनलाई बिगार्नुहुँदैन अर्थात् हाम्रो आफ्नै फाइदाको निम्ति पवित्र बाइबलको अर्थ कहिल्यै बाङ्गो पार्नुहुँदैन। हामी सधैं इमानदारी हुनुपर्छ; दिनदिनै परमेश्वरको वचन अध्ययन गर्ने समय निकाल्नुपर्छ। यसमा अल्छी गर्नुहुँदैन। हामी परमेश्वरबाट पठाइएका राजदूत हौं। यसैले सधैं उहाँको भय मानेर हामी उहाँको सन्देश बोलौं।

**इ) १ तिमोथी ४:१२ – अरू विश्वासीहरूको लागि असल उदाहरण हुने प्रयत्न गर्नुहोस्**

यस कुरामा हामीले अघि नै ध्यान दिइसकेका छौं। तर कुन कुन क्षेत्रमा हामी अरूका निम्ति नमुना बन्नुपर्छ, सो अहिले हेरौं। हाम्रो बोली कस्तो छ? सधैं गम्भीर भई बोल्नुहोस्। ठट्टा परमेश्वरको सेवकलाई कहिल्यै सुहाउँदैन। अरूले तपाईंको पवित्र चालचलन देख्नुपर्छ। पापका अभिलाषामा जिउने विश्वासी कस्तो विचित्र! साँचो, गहिरो प्रेम देखाउनलाई तयार हुनुहोस्। कति धेरै मानिसहरूलाई प्रेमले प्रभुमा ल्याएको छ। तपाईंको आत्मिकता नक्कली र फिक्का नहोस्। पवित्र आत्माले भरपूर भएको जीवन जिउनुहोस्। सबै कुरामा प्रभु येशूमा भरोसा राख्न सिक्नुहोस्। सहायता पाउनलाई सधैं मानिसतिर नहेर्नुहोस्। प्रभु तपाईंको साथमा हुनुहुन्छ भन्ने प्रमाण आफ्नो व्यक्तिगत जीवनबाट दिनुहोस्। आफैलाई लोभलालचबाट टाढ़ा राख्नुहोस्। तपाईं आफ्नो स्वार्थ पूरा गर्ने ख्रीष्टको चेला नहुनुहोस्। चोखो मनले प्रभुको सेवा गर्नुहोस्; तब उहाँले तपाईंलाई इनाम दिनुहुनेछ।

**ई) १ तिमोथी ४:१३ – अरूलाई पवित्र बाइबलबाट खाँटी शिक्षा दिने प्रयत्न गर्नुहोस्**

परमेश्वरको वचन आफ्नै लागि मात्र अध्ययन नगर्नुहोस्। तर आफ्नो परिवार, साथी र मण्डलीका विवासी भाइ-वहिनीहरूलाई वचनबाट आशिष बाँड्नुहोस्। यहोशू १:८ पद पढ्नुहोस्। व्यवस्थाको वचन तपाईंको मुखबाट हट्नुहुँदैन। यसर्थ परमेश्वरको वचन बोल्नुपर्छ। सरल भाषामा अरूलाई पवित्र बाइबलको असल शिक्षा दिने काम गर्न थाल्नुहोस्।

**उ) १ तिमोथी ४:१४ – तपाईंले पाउनुभएको आत्मिक वरदानअनुसार प्रभुको सेवा गर्ने प्रयत्न गर्नुहोस्**

सबै काम आफै नगर्नुहोस्। प्रभु येशूले तपाईंलाई सबै आत्मिक वरदानहरू दिनुभएको छैन। तपाईंले पाउनुभएको वरदानअनुसार परमेश्वरको सेवा गर्नुहोस्। परमेश्वरको बोलावट बुझ्ने चेष्ट गर्नुहोस्। नम्र

हुनुहोस्। अनि अरू विश्वासीहरूलाई सेवा गर्ने अवसर दिनुहोस्। परमेश्वरको महिमा गर्नको निम्ति सबैका सेवा चाहिन्छ। यसैले मण्डलीका अगुवाहरूको अधीनतामा रही अरू विश्वासीहरूसँग मिलेर प्रभुको सेवा गर्नुहोस्।

**ऊ) १ तिमोथी ४:१५ – यी कुराहरूमा मन लगाई प्रभुको सेवामा लगिरहने प्रयत्न गर्नुहोस्**
प्रभुको सेवामा पूरा मन लगाएर गर्नुपर्छ। यसमा हामीलाई लगिरहनु खाँचो छ। एकै दिनमा काम सिद्धिने होइन। एकै क्षणमा त्यसको प्रतिफल हामी देख्दैनौं। हामीले पाएको सेवामा हामी लगिरहने हो भने सबैकहाँ हाम्रो प्रगति देखा पर्नेछ। यसैले प्रभुको सेवामा हामी नथाकौं, हरेश नखाऔं; तब अवश्य हामी ठीक समयमा त्यसको इनाम पनि पाउनेछौं।

**ए) १ तिमोथी ४:१६ – आफ्नो विषयमा र शिक्षाको विषयमा सधैं सतर्क रहने प्रयत्न गर्नुहोस्**
जसले म स्थिर छु भनी सम्झन्छ, ऊ होशियार बसोस्, नत्र ता ऊ लड्नेछ भन्ने वचनमा ध्यान दिनुपर्छ (१ कोरिन्थी १०:१२)। हामी सबैजना कमजोर मानिस हौं। यसैले आफ्नो विषयमा हामीलाई होशियार रहनु आवश्यक छ। ठूला प्रचारकहरू पापमा फसे, र उनीहरूबाट प्रभुको नाममा कलङ्क आयो। तब हामीलाई झन् सतर्क रहनु खाँचो छ, होइन र? कतिजनाले बाइबलको खाँटी शिक्षा त्यागेर आफूलाई र अरूलाई ठेस खुवाएका छन्। लोभले गर्दा मानिसहरू बदल्न तयार छन् र परमेश्वरको वचनको उत्तम शिक्षालाई इन्कार गर्न थाल्दछन्। यस्ताहरूबाट हामीले अलग बस्नुपर्छ। जुन शिक्षा हामीले शुरुमा सुसमाचारको सत्य वचनद्वारा सुन्यौं र विश्वास गर्‍यौं, त्यसलाई हामीले बलियो गरी पक्रिराख्नुपर्छ; त्यसलाई त्याग्नुहुँदैन। त्यही शिक्षा हामीले प्रचार गर्नु र जोगाउनु छ। अमूल्य मानिसहरूको आत्मासित खेल्नुहुँदैन। उनीहरूलाई बचाउने र रक्षा गर्ने काम प्रचारकलाई सुम्पिदिइएको छ।

## ङ – अन्तमा केही सल्लाहहरू

माथि उल्लेख गरिएका कुराहरू व्यवहारमा ल्याउनको निम्ति हामी तपाईंलाई अझ केही सल्लाह दिन चाहन्छौं। प्रभु येशूले तपाईंलाई चेला बनाउने काममा बुद्धि र ज्ञान दिएका होऊन्। तपाईंले गर्नुभएको परिश्रममा परमेश्वरले आशिष दिऊन्।

*** चेला बनाउने कामको निम्ति आफूलाई तयार गर्नुहोस्।**

- अरूलाई चेला बनाउनुभन्दा पहिले तपाईं आफै प्रभुको सच्चा चेला हुने कुरामा ध्यान दिनुहोस्।
- अरूलाई सिकाउन चाहेका कुराहरू पहिले तपाईं आफूले पालन गर्नुहोस्।
- तपाईंको सेवाद्वारा प्रभुलाई पाउनेहरूको निम्ति जिम्मा उठाएर लगातार व्यक्तिगत प्रार्थना गर्नुहोस्।
- नयाँ विश्वासीलाई भेट्ने र सँगति दिने योजना बनाउनुहोस्।
- उसलाई नियमित रूपले शिक्षा र सँगति दिने तयारी गर्नुहोस्। सायद यस 'चेला बनाओ' नामक पाठ्यक्रमका पाठहरूबाट शुरु गरेर तपाईं शिक्षा दिन चाहनुहुन्छ। अथवा तपाईंको मण्डलीमा नयाँ विश्वासीहरूको लागि कुनै शिक्षाक्रम तयार भए त्यसलाई प्रयोग गर्नू भन्ने सल्लाह हामी तपाईंलाई दिन्छौं। बलियो जग बसाल्नको निम्ति बिस्तारै अघि बढ्नुपर्छ भन्ने कुरामा तपाईं सधैं ध्यान राख्नुहोस्।

* **चेला बनाउने काममा परिश्रम गर्नुहोस्।**
   - पहिले तपाईं एकजना नयाँ विश्वासीसित मात्र भेट हुनुहोस्। उसको आत्मिक स्थिति बुझ्ने कोशिश गर्नुहोस्। के उसले साँचो गरी प्रभु येशूमाथि विश्वास गरेको छ? के उसलाई मुक्तिको निश्चयता छ? उसको आत्मिक खाँचो पूरा गर्नुपर्छ। यसैले बुद्धिमानीसाथ तपाईं सुसमाचारको जग पक्का गरी बसाल्नुहोस् (१ कोरिन्थी ३:१०-११)।
   - नयाँ विश्वासीसँग भेट हुँदा ऊसित सधैं प्रार्थना गर्नुहोस् र परमेश्वरको वचन पढ्नुहोस्। यसको निम्ति उसलाई सुहाउने समय पत्त लगाउनुहोस्। प्रार्थना छोटो हुनुपर्छ। वचन पनि लामा नहोस्। सायद उसको मनमा कति प्रश्नहरू उठेका छन्? कुनै विषयमा उसले चिन्ता गर्दछ कि?
   - नयाँ विश्वासीलाई तपाईंको मायाको खाँचो छ। उससँग समय बिताउनुहोस्। उसको समस्य बुझ्नुहोस् र उसलाई सहायता गर्नुहोस्। जीवनका महत्त्वपूर्ण निर्णय गर्नका निम्ति तपाईं उसको सल्लाहकार बन्नुहोस्।
   - उसलाई मण्डलीका सभाहरूमा लानुहोस्। उसलाई मण्डलीका अगुवाहरूसित, साथै अरू विश्वासीहरूसित परिचय गराउनुहोस्।
   - मण्डलीका विभिन्न कार्यक्रमहरूमा भाग लिनको निम्ति, साथै विश्वासमा बढ्न र आज्ञाकारी हुनका निम्ति उसलाई सधैं साहस दिनुहोस्।
   - नयाँ विश्वासीले बढ्न छोड्छ भने त्यसको कारण पत्त लगाउने कोशिश गर्नुहोस्। के उसले आफ्नो बाइबल दिनदिनै पढ्दैछ? उसको प्रार्थनाको जीवन कस्तो छ? उसले कुन कुरामा पहिलो स्थान दिएको छ? के ऊ खराब सँगतिमा परेको छ? कुन समस्यले ऊ थिचिएको छ कि? केले उसलाई निरुत्साह तुल्याएको छ? किन प्रभु येशूप्रति उसको प्रेम सेलाएको छ?
   - अन्तमा यो कुरा नबिर्सनुहोस्: तपाईं सबैजना चेला बनाउनुमा सफल हुन सक्नुहुन्न। कतिले बढ्न छोड्छन् वा विश्वासबाट पछि हट्छन् होला। यो दु:खको कुरा हो। तर अरूले प्रभुको बाटोमा अघि बढ्छन् र प्रभु येशूको सच्चा चेला भई परमेश्वरको महिमा गर्ने जीवन जिउँछन्। यिनीहरू तपाईंको आनन्दको कारण हुनेछन्। प्रेरित पावलको साहस दिने वचन याद राख्नुहोस्, जसले तपाईंलाई भन्दछ:

     **''हे मेरा प्रिय भाइहो, स्थिर होऊ, अटल बस र प्रभुको काममा सधैंभरि प्रशस्त हुँदै जाऊ; किनभने तिमीलाई थाह छ, प्रभुमा तिम्रो परिश्रम व्यर्थ हुँदैन।''** **१ कोरिन्थी १५:५८**

**प्रार्थना:** ***'हे प्रभु येशू, 'जाऊ, चेला बनाऊ' भन्ने तपाईंको आज्ञा मैले सुनें। यस आज्ञाप्रति म आज्ञाकारी हुन चाहन्छु। नयाँ विश्वासीहरूप्रति मेरो जिम्मेवारीको बारेमा मैले धेरै कुरा सिक्न पाएँ। अब यी कुराहरू व्यवहारमा ल्याउनका निम्ति मलाई सहायता गर्नुहोस्। म आफै तपाईंको सच्चा चेला हुन चाहन्छु, साथै अरूलाई पनि तपाईंका चेला बन्नका निम्ति असल उदाहरण दिई मद्दत गर्न चाहन्छु। जहाँ म तपाईंको अगुवाइ पाउँछु, त्यहाँ नयाँ विश्वासीलाई सँगति र शिक्षा दिई विश्वासमा बढ्नको लागि उसलाई साथ दिन म तयार छु। सबै कुरामा तपाईंको महिमा होस्। आमेन।'***

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्र म – उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगाना:** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ........................................................................................

गा°वि°स°/ग्रा°पं°: ....................................................... वार्ड नं°: .........................

हुलाक/पो° आ° : ................................... जिल्ला: ................................................

अञ्चल/प्रदेश: ................................................ देश: .......................................

**रजिष्टर नं°:** .........................

# पाठ १३

## अरूलाई हामीले कसरी ख्रीष्टका चेला बनाउनुपर्छ?

हामी यस पाठ्यक्रमको अन्तिम पाठमा आइपुगेका छौं। प्रभुको महान् आज्ञाअनुसार हामीले अरूलाई ख्रीष्टका चेला बनाउनुपर्छ। नयाँ विश्वासीहरू हामीजस्तै प्रभुको आज्ञाकारी चेला होऊन् र उनीहरूद्वारा परमेश्वरको महिमा होस् भन्ने चाहना राखेर हामीले आफ्नो सेवाद्वारा प्रभुमा आएकाहरूको वास्ता गर्न सिक्नुपर्छ। उनीहरूले विश्वासमा पक्का नभएसम्म हामीले परमेश्वरको वचन पवित्र बाइबलबाट उनीहरूलाई प्रभुको उत्तम शिक्षा दिनुपर्छ। यसैले यस पाठका उत्तर लेख्दा यस कुरामा ध्यान दिनुहोला। धन्यवाद।

## क – पहिले हामी आफै प्रभु येशूको सच्चा चेला हुनुपर्छ

**१) मत्ती २८:१९ – प्रभु येशूको महान् आज्ञाको पहिलो भाग के हो?** ..................................

..........................................................................................................

**२) १ कोरिन्थी ११:१ – क) प्रेरित पावलले के भन्न सक्थे?** ..............................................

..........................................................................................................

**ख) उनले यो किन भन्न सके?** ......................................................................

..........................................................................................................

३ ) मत्ती ५:१९ - क ) स्वर्गको राज्यमा सबभन्दा सानो को हो? ..........................................
..............................................................................................................
ख ) स्वर्गको राज्यमा सबभन्दा ठूलो को हो? ............................................................
..............................................................................................................

४ ) फिलिप्पी ३:१९ - खराब उदाहरण दिनेहरूलाई किन ख्रीष्टको क्रूसका शत्रु भनिएका छन्?
अ ) ..........................................................................................................
आ ) .........................................................................................................
इ ) ..........................................................................................................
ई ) ..........................................................................................................

५ ) फिलिप्पी ३:१७ - हामीले कसलाई ध्यानपूर्वक हेरेर उनको देखसिकी गर्नुपर्छ? ..................
..............................................................................................................

## ख - प्रेरित पावल - चेला बनाउने हाम्रो नमुना

१ ) गलाती ४:१९ - प्रेरित पावलले विश्वासीहरूको निम्ति खूब फिक्री गरे, किन? ..................
..............................................................................................................

२ ) १ थेस्सलोनिकी २:७-८ - क ) प्रेरित पावल विश्वासीहरूको बीचमा कुन प्रकारले रहे?
..............................................................................................................
ख ) विश्वासीहरूको निम्ति उनले आफ्नो जीवन दिन तयार थिए, किन? ..........................
..............................................................................................................

३ ) १ थेस्सलोनिकी २:१०-१२ - क ) पावलको जीवन के के कुरामा एक उदाहरण थियो? (पद १० ) ..............................................................................................................
ख ) विश्वासीहरूसँग उनले कसरी व्यवहार गरे? (पद ११ ) ..........................................
..............................................................................................................
ग ) विश्वासीहरूलाई उनले के के गरे? (पद ११-१२ ) अ ) ......................................
आ ) ....................................................... इ ) ...........................................
..............................................................................................................

## ग – नयाँ विश्वासीहरूप्रति हाम्रो जिम्मेवारी

१) मर्कूस ४:२६-२९ – नयाँ विश्वासीहरूप्रति तपाईंको जिम्मेवारीको बारेमा तपाईंले यस दृष्टान्तबाट के बुझ्नुभएको छ? छोटकरीमा लेख्नुहोस्।

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

२) १ कोरिन्थी ३:५-९ – क) प्रेरित पावलले आफ्नो सेवा कुन प्रकारले हेरे? ......................

......................................................................................................

ख) प्रेरित पावलले अपोल्लोसको सेवा कुन प्रकारले हेरे? ........................................

......................................................................................................

ग) प्रेरित पावलले कुन कुरा मुख्य ठाने? ........................................................

......................................................................................................

घ) प्रेरित पावलले विश्वासीहरूलाई कुन दृष्टिले हेरे? ..............................................

......................................................................................................

३) एफेसी ४:१४-१५ – क) नयाँ विश्वासीहरू केजस्ता छन्? ........................................

ख) उनीहरूलाई के गर्न सजिलो छ? (पद १४) ....................................................

......................................................................................................

ग) उनीहरूलाई विश्वासमा बढ़ाउने के उपाय छ? (पद १५) ....................................

......................................................................................................

४) १ कोरिन्थी १३:४-७ – साँचो प्रेमले के के गर्न सक्छ? ..........................................

......................................................................................................

......................................................................................................

......................................................................................................

५) प्रेरित २०:२८-३१ – क) परमेश्वरको मण्डली अर्थात् विश्वासीहरूको हेरचाह गर्ने काम कसलाई सुम्पिदिइएको छ ? ......................................................................

ख) प्रेरित पावलले उनीहरूलाई के आज्ञा दिए? (पद २८) ..........................................

..........................................................................................

ग) उनीहरूलाई त्यो आज्ञा किन दिइयो? (पद २९-३०) अ) ..........................................

..........................................................................................

आ) ..........................................................................................

..........................................................................................

घ) पावलले उनीहरूलाई अरू के के आज्ञा दिए? (पद ३१) ..........................................

..........................................................................................

ङ) पावलको सेवाको सम्बन्धमा उनीहरूले के कुरा सम्झनु खाँचो थियो? ........................

..........................................................................................

## घ - तिमोथी - एक विश्वासयोग्य चेला

१) २ तिमोथी २:२ - क) तिमोथीले अरूलाई के कुरा सुम्पिनुपर्‍यो? ..................................

..........................................................................................

ख) कसलाई तिमोथीले पावलको शिक्षा सुम्पिनुपर्‍यो? ..........................................

..........................................................................................

२) १ कोरिन्थी ४:१-२ परमेश्वरको सेवक कस्तो हुनुपर्छ? ..........................................

३) २ तिमोथी २:१५ - केको लागि हामीले प्रयत्न गर्नुपर्छ? ..........................................

..........................................................................................

४) १ तिमोथी ४:१२ - तिमोथी कसको लागि नमुना हुनुपर्‍यो? ..........................................

५) १ तिमोथी ४:१३ - कुन कुरामा उनले ध्यान दिनुपर्‍यो ? ..........................................

..........................................................................................

६) १ तिमोथी ४:१४ - उनले आफ्नो वरदानसित के गर्नुपर्‍यो? ..........................................

७) १ तिमोथी ४:१५ - सेवाको सम्बन्धमा पावलले उनलाई के आज्ञा गरे? ............................

..........................................................................................

८) १ तिमोथी ४:१६ - क) कुन कुन विषयमा होशियार रहन खाँचो छ? ..............................

..........................................................................................

ख) यसो गर्नु किन आवश्यक छ? ..........................................................................

..........................................................................................